

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २८ गते सोमबार ❑ 10 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत पाउन कति सहज ?

**रासस**
पोखरा, २७ जेठ

संविधानको धारा १६८ (३) बमोजिम गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएका नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले सोमबार प्रदेशसभाबाट विश्वासको मत लिँदै हुनुहुन्छ । प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताको हैसियतमा उहाँ यही जेठ १६ गते दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो ।

त्यसअघि मुख्यमन्त्री बन्नुभएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले प्रदेशसभाबाट प्राप्त गरेको विश्वासको मतलाई सर्वोच्च अदालतले असंवैधानिक रहेको फैसला गरेपछि पाण्डे पुनः मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । अधिकारीले पाएको विश्वासको मतविरुद्ध दायर भएको रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताका हैसियतमा पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश जारी



गरेको थियो । मुख्यमन्त्रीका नियुक्त भएको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । तर अहिलेको प्रदेशसभाको अङ्कगणित हेर्दा मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत पाउन सहज भने छैन । साठी सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका २७, एमालेका २२, नेपाल कम्युनिष्ट पार्टी (माआवादी केन्द्र)का सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र सदस्य हुनुहुन्छ ।

विश्वासको मत पाउन मुख्यमन्त्री पाण्डेलाई प्रदेशसभाका ३१ सदस्यको समर्थन चाहिन्छ । विपक्षी एमाले-माओवादी केन्द्रको गठबन्धनमा रहेका प्रदेशसभा सदस्यबाहेक सबैले मत दिँदा पनि उहाँलाई बहुमत पुग्दैन।यद्यपि उहाँहरुले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिने वा नदिनेबारे अहिलेसम्म कुनै निर्णय गर्नुभएको छैन । राप्रपा प्रदेशसभा संसदीय दलका नेता पञ्चराम गुरुङले विश्वासको मतबारे पार्टीले आधिकारिक निर्णय गरिनसकेको बताउनुभयो । "मुख्यमन्त्रीलाई विश्वासको मत दिने वा नदिनेबारे निर्णय गर्ने अधिकार पार्टीका केन्द्रीय अध्यक्षलाई छ, हेरौँ भोलिसम्म समय छ, माथिबाट जे निर्देशन आउँछ हामी त्यहीअनुसार अगाडि बढ्छौँ", उहाँले भन्नुभयो । मनाङ 'ख'बाट निर्वाचित स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङले भने ३० प्रदेशसभा सदस्यको समर्थन जसले जुटाउँछ उसैलाई निर्णायक मत दिने बताउँदै आउनुभएको छ । गुरुङ अधिकारी नेतृत्वको सरकारमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री बन्नुभएको थियो ।

माओवादी केन्द्रको चुनाव चिन्ह लिएर गोरखा-२ 'क' बाट निर्वाचित नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटालाई माओवादीले आफ्नै संसदीय दलको सदस्य दाबी गर्दै आएको छ । देवकोटालाई मतदानमा दलको ह्विप लाग्ने माओवादीको भनाइ छ । यसअघि उहाँले एमाले-माओवादी गठबन्धनबाट मुख्यमन्त्री बन्नुभएका खगराज अधिकारीलाई विश्वासको मत दिनुभएको थियो ।

यदि राप्रपाका दुई र स्वतन्त्र प्रदेशसभा सदस्य गुरुङले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिने अवस्था आएपनि पाण्डेलाई सरकार टिकाउन थप एक मतको खाँचो पर्छ । कांग्रेस संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले मुख्यमन्त्रीलाई विश्वासको मत दिन प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई औपचारिक रुपमै आग्रह गरिएको बताउनुभयो । "असार १ गतेसम्म प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने छ, यस्तो अवस्थामा सबै राजनीतिक दलहरु जिम्मेवार ढङ्गले प्रस्तुत हुनुहुनेछ भन्ने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो ।

## प्रधानमन्त्री दाहाल भारतीय प्रधानमन्त्री मोदीको सपथ समारोहमा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा सहभागी हुनुभएको छ ।

प्रधानमन्त्री दाहाल भारतीय राष्ट्रपति भवनको प्राङ्गणमा आज साँझ आयोजित विशेष समारोहमा सहभागीहुनुभएकोनयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ ।

प्रधानमन्त्री मोदीलाई तेस्रो कार्यकालका लागि राष्ट्रपति द्रोपदी मुर्मुले पद तथा गोपनीयताको सपथ गराउनुभएको हो । सपथ ग्रहण समारोहमा नेपालका प्रधानमन्त्री दाहाल, श्रीलङ्काका राष्ट्रपति रणील विक्रमासिङ्गे, मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे, मौरिससका प्रधानमन्त्री प्रबिन्द जुग्नौथलगायत



विशिष्ट अतिथी उपस्थित हुनुहुन्थ्यो । यसैगरी समारोहमा भारतका विभिन्न राजनीतिक दलका नेता तथा लब्धप्रतिष्ठित व्यक्तित्वहरुको सहभागिता थियो । सोही समारोहमा भारतका नवनियुक्त मन्त्रीहरुले समेत पद तथा गोपनीयताको सपथ लिनुभएको थियो । प्रधानमन्त्री दाहाल सपथ ग्रहण समारोहमा सहभागी हुन आज दिउँसो नयाँ दिल्ली प्रस्थान गर्नुभएको थियो । प्रधानमन्त्री दाहालका साथमा उहाँकी सुपुत्री गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्सालगायत उच्चपदस्थ सरकारी अधिकारी पनि हुनुहुन्छ । प्रधानमन्त्री दाहाल सोमबार स्वदेश फर्कनुहुने कार्यक्रम छ। प्रधानमन्त्री दाहालले भ्रमणका अवसरमा भारतीय समकक्षी मोदीबीच भेटवार्ता हुने कार्यक्रम रहेको नयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ ।

## अन्नपूर्णमा पाँच किसानलाई सम्मानित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले आइतबार पाँच जना उत्कृष्ट किसानलाई जनही रु ३५ हजार नगदसहित सम्मान गरेको छ ।

१२औं किसान दिवसका अवसरमा उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रममार्फत पाँच जना उत्कृष्ट किसान र एक कृषि समूहलाई नगदसहित सम्मान गरेको हो । अन्नपूर्ण-७ का टीका पाइजा तिलिजा र बेगबहादुर पाइजा, वडा नं ८ का चित्रबहादुर गर्बुजा र तुलबहादुर गर्बुजा तथा वडा नं ६ का तेजबहादुर बरुवाललाई सम्मान गरिएको गाउँपालिकाको कृषि शाखाका प्राविधिक सहायक हेमन्त शाहीले जानकारी दिनुभयो ।

यसैगरी रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत उत्पादनमा आधारित कार्यक्रममा छनौट भएको जागरुक महिला कृषक समूहलाई नगद रु २० हजार र प्रमाणपत्र प्रदान गरिएको छ । व्यावसायिक किसानलाई प्रोत्साहन गर्न नगदसहित सम्मान गरेको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । अध्यक्ष पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, आर्थिक विकास समितिका संयोजक तथा वडा नम्बर ८ का वडाध्यक्ष खमबहादुर गर्बुजा र कृषि शाखाका प्राविधिक सहायक शाहीले नगद र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## पर्वतीय सङ्ग्रहालयमा ऐतिहासिक तस्वीर प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

विश्व वातावरण दिवसका अवसरमा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा सगरमाथामा एक सय वर्षअघि भएगरेका गतिविधिलाई समेटेर तस्वीर प्रदर्शनी गरिएको छ ।

सन् १९२४ मा तेस्रोपटक सगरमाथा आरोहणका लागि जर्जमेलोरीको नेतृत्वमा गएको ब्रिटिस टोलीले आठ हजार एक सय ५६ मिटरको उचाइसम्म पुग्दा खिचिएका ऐतिहासिक तस्वीर प्रदर्शन गरिएको छ । हिमाल र हिमालीका बारेमा एउटै छानामुनि अध्ययन अवलोकन गर्न सकिने सङ्ग्रहालयमा थप भएको तस्वीर प्रदर्शनीमा रोल जोग्राफी सोसाइटी, अलपाइन क्लब र माउण्ट एभरेष्ट फाउण्डेशनको सहकार्यमा संकलन गरिएका ९० फोटो राखिएको छ । गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले प्रदर्शनीको उद्घाटन गर्दै पर्यटन प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । ट्रेकिङ, आरोहण र धार्मिक पर्यटन गण्डकी प्रदेशको समृद्धिको आधार भएको बताउँदै उहाँले पर्यटकको बसाइ लम्ब्याउने खालका गतिविधि सञ्चालन गर्न तीनै तहका सहकार र निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । विश्वमा सगरमाथाको देशका रूपमा परिचित नेपालको पर्यटन प्रवर्द्धनमा पर्वतीय सङ्ग्रहालयले थप योगदान पुर्‍याएको विश्वास व्यक्त गर्दै मन्त्री गुरुङले आमनागरिक रोजगार र उत्पादनसँग जोडिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले पर्वतारोहण क्षेत्रमा रुचि राख्नेका लागि तस्बीर प्रदर्शनी प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गर्नुभयो । प्रदेशसभा सदस्य सरस्वती गुरुङले जलवायु परिवर्तनको प्रभाव हिमाली क्षेत्रमा परेको उल्लेख गर्दै त्यसको न्यूनीकरणका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।

नेपाल पर्वतारोहण सङ्घका वरिष्ठ उपाध्यक्ष एवं पर्वतीय सङ्ग्रहालयका संयोजक ठाकुर पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा ब्रिटिस राजदूतावासका मेट वाल्टर्स, माउण्ट एभरेष्ट फाउण्डेशनका जोन पोटर, नेपाल पर्वताराहण सङ्घका महासचिव मोहन लम्साल, सङ्घका प्रमुख प्रशासकीय अधिकृत जिनेस सिन्डुकार लगायतले पर्यटन प्रवर्द्धनमा हिमालको महत्व र सङ्ग्रहालयले खेल्दै आएको भूमिकाकाबारे चर्चा गर्नुभएको थियो ।

## गण्डकी प्रदेशस्तरीय फुटबल : कास्की र तनहुँ उपाधि नजिक

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

पोखरामा जारी गण्डकी प्रदेशस्तरीय पुरुष फुटबल प्रतियोगितामा कास्की र तनहुँ उपाधि नजिक पुगेका छन् ।


पोखरा रंगशालामा आइतबार सम्पन्न दुई छुट्टा-छुट्टै सेमीफाइनलबाट उपाधि भिडन्त हुने टिमको टुङ्गो लागेको हो । आज सम्पन्न पहिलो सेमीफाइनलमा तनहुँले बागलुङलाई २-१ गोलले पराजित गरी फाइनलमा पुगेको छ । निकै प्रतिस्पर्धात्मक खेलमा बागलुङका राजिब श्रीषले ११ औं मिनेटमा गोलको खाता खोल्दै टिमलाई अग्रता दिए पनि



तनहुँले २२ औं मिनेटमा बराबरी गोल फर्कायो ।

तनहुँका सान्त बहादुर गुरुङले टिमका लागि गोल गरे भने ३५ औं मिनेटमा दिपेश आलेले तनहुँका लागि अर्को गोल थपे । उक्त खेलमा तनहुँका लक्ष्मण थापा म्यान अफ दि म्याच घोषित भए । यता एक अर्को सेमीफाइनलमा कास्कीले म्याग्दीलाई ४-१ ले पराजित गरी उपाधि नजिक पुगेको छ । कास्कीका लागि किशोर गुरुङ र राज कुमार कुंवरले समान २-२ गोल गरे । किशोरले ४१ र ५९ औं टिमका लागि गोल गरे भने राज कुमारले ४४ र ४७ औं मिनेटमा गोल गरेका थिए ।

सो खेलमा कास्कीका राजकुमार म्यान अफ दि म्याच प्राप्त गर्न सफल रहे । फाइनल खेल सोमबार दिउसो १ बजे सञ्चालन हुने गण्डकी प्रदेश फुटबल संघका महासचिव विनोद गुरुङले जानकारी दिएका छन् ।प्रतियोगितामा उपाधि बिजेता टिमले नगद २ लाख र उपविजेता हुने टिमले नगद १ लाखकासाथमाट्रफीरमेडलप्राप्त गर्नेछन् । प्रतियोगिताबाट दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनौट हुनेछन् ।

# जनप्रिय क्याम्पसका विद्यार्थीलाई न्यायिक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ



पोखरा महानगरका न्यायिक समितिले नागरिक, श्रमिक, विद्यार्थीहरुलाईन्यायिकसमितिका बारेमा जानकारी गराउने उद्देश्यले प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

पोखरा महानगरपालिकाको न्यायिक समितिको संबैधानिक ब्यवस्था, गठन प्रक्रिया र अधिकार क्षेत्रका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको महानगर न्यायिक समितिले जनाएको छ। विभिन्न संघसंस्थाहरुसंग मिलेर कार्यक्रम सञ्चालन गरिहेको छ।

"न्यायिक समितिसंग विद्यार्थी" कार्यक्रम अन्तर्गत आइतबार महानगर न्यायिक समितिको सहयोगमा प्रेस क्लब गण्डकीको आयोजनामा पोखराको सिमलचौरमा रहेको कन्या क्याम्पसमा अध्ययनरत छात्राहरुलाई न्यायिक समितिको बारेमा जानकारी गराइएको छ। स्थानीय सरकारको न्यायपालिकाको रुपमा रहेको न्यायिक समितिको व्यवस्था र यसले निरुपण गर्ने विवादका विषयमा सचेतना जगाउने उद्देश्यले बार्षिक कार्यक्रममा समावेश गरिएको पोखरा महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले बताउनुभयो । कार्यक्रमको उद्घाटन गर्दै उपप्रमुख गुरुङले स्थानीय तहका विवाद स्थानीय तहबाटै समाधान गर्ने उद्देश्यले न्यायिक समितिको परिकल्पना संविधानमा गरिएकाले नागरिकलाई यसको बारेमा जानकारी गराउन वार्षिक कार्यक्रममा समावेश गरेर सञ्चालन गरिएको बताउनुभयो । स्थानी तहमा सृजना भएका विवादलाई स्थानीय स्तरमा समाधानका लागि न्यायिक समिति गठन गरिएको उहाँले बताउनुभयो । "स्थानीय विवादहरु अदालत पुग्ने अवस्थाले समय र पैशा दुवै खर्च हुने भएकाले सहज रुपमा न्याय पाउने उद्देश्यले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको ब्यवस्था गरिएको हो ।" नागरिकले सहज र सरल रुपमा न्याय पाउन भन्ने उदेश्य र स्थानीय तहका विवादहरु अदालतसम्म पुग्नुपर्ने अवस्था नआओस भन्नका लागि न्यायिक समितिको परिकल्पना गरिएको बताउदै भन्नुभयो, "समय र पैशाको बचतका लागि र स्थानीय विवाद मेलमिलाप मार्फत समाधान गर्ने उद्देश्यले न्यायिक समितिको व्यवस्था गरिएको हो ।यसका बारेमा महानगरका नागरिकले जानकारी पाउनुपर्छ भन्ने मान्यताले कार्यक्रम सञ्चालन गरिएको हो ।" पोखरा महानगरपालिका वडा नम्वर ८ का अध्यक्ष रुद्रनाथ बरालले पोखरा महानगरपालिका न्यायिक समितिले उत्कृष्ट रुपमा न्याय सम्पादनको काम गरिहेको बताउदै आफनो काम, कर्तब्य र अधिकारका बारेमा जानकारी गराउदाँ नागरिकमा प्रचार हुने बताउनुभयो । कार्यक्रममा जनप्रिय क्याम्पस संचालक समितिका अध्यक्ष विरेन्द्रनारायण विजुक्छे, जनप्रियका निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्का, प्रेस क्लब गण्डकीका सचिव गौरब त्रिपाठी, कोषाध्यक्ष राजु गिरी लगायतले न्यायिक समितिका बारेमा भनाई राख्नुभएको थियो । कार्यक्रममा न्यायिक समिति सदस्य कालिदास पोखरेलले न्यायिक समितिको गठन प्रक्रिया, न्यायिक समिति सदस्य रजनी परियारले अधिकार क्षेत्र र न्यायिक समितिका मेलमिलाप सहजकर्ता सोम लम्सालले मेलमिलापकर्ता सुचिकृतको प्रक्रिया, आचारण र योग्यताको बारेमा लागि आवश्यक योग्यता बारेमा प्रशिक्षण दिनुभएको थियो ।कार्यक्रम प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।

# 'कीर्तिका रचना विविध' पुस्तक लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ



स्व.कीर्तिराज बरालको ८७ औं जन्मजयन्तीका अवसरमा 'कीर्तिका रचना विविध' पुस्तक आज पोखरामा एक कार्यक्रमको आयोजना गरी लोकार्पण गरिएको छ।

नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त, वरिष्ट कार्टुनिष्ट वात्स्यायन, नेपाली कांग्रेस गण्डकीका सभापती शुक्रराज शर्मालगायतले उक्त कृति लोकार्पण गर्नु भएको हो । कृति माथि प्राध्यापक रामेश्वर बरालले टिप्पणी गर्नु भएको थियो। उहाले क्षेत्रियतालाई प्रवर्द्धन गरिएको, आध्यत्मवाद् र भौतिकवाद्को समिश्रण, पूर्वीय र मानावतावादी दर्शनलाई उतारिएकोलगायत कृतिको विशेषता रहेको बताउनु भयो । 'आफ्नो देशको चिन्ता, स्थानीय भूगोल, ईतिहास शिक्षा र ज्ञानका कुरा बुझ्न, राष्ट्रियता बोध गराउन, नैतिकता बुझाउन सहयोग पुग्छ भन्ने लाग्छ,' भन्दै उहाँले, 'यो कृतिले हामीबाट निश्चित रुपमा न्याय पाउन सक्छ भन्ने अपेक्षा छ ।' स्व.कीर्तिराज बरालले पुसतकमा स्वदेश तथा विदेशका गाथा बुनिएको स्वाद सहितको रचना पस्किनु भएको जानकारी गराउनु भयो । कार्यक्रममा सरुभक्तले कीर्तिको परिवारले आफ्नो शेषपछि पनि आफ्नो सम्झना बाँचिराखोस भन्ने चाहना पुरा भएको बताउनु भयो। उहाँले भन्नुभयो, 'शेषपछि पनि आफ्नो सम्झना बाचिराखोस भन्ने हेतुले शेष रहदै उहाँले लेख्नुभएको जीवनी, कथा, कविता, घटनाक्रम, सस्मरण कृति बनाएर प्रकाशित गरिदिनुभएको छ।' यो कृतिले नेपाली साहित्यमा एउटा इट्टा थपिएको उहाँको भनाइ थियो । कीर्ति जीवित रहँदा आफ्नो साहित्य र सिर्जनामा पनि सहयोग गरेको उहाँले सम्झिनु भयो। ४६२ पेज रहेको कृतिमा पहिलो भागमा आत्मवृतान्त छ। भाग २ मा विभिन्न स्थानमा घुमेका यात्रा सस्मरण समेटिएको छ । भाग ३ मा आफू माथि घटेका घटना, भाग ४ मा साहित्य विविध, कविता, बेदान्ती चरणका भजनहरु समेटिएको छ।

स्व.कीर्तिराज बरालकी धर्मपत्नी पार्वतीदेवी बरालको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी शिव बहादुर बरालले स्व. कीर्तिराज बरालको बारेमा परिचर्चा गर्नू भएको थियो। कार्यक्रममा नेपाली कांग्रेस गण्डकीका सभापती शुक्रराज शर्मा, स्व. बरालका सहपाठी तारा पाखे, जेठा छोरा शंकरराज बराल,माईला छोरा भवसागर बराल तथा बुहारी रसोदा बराल, लगायतले कृति प्रकाशन लगायतका विविध विषय माथि चर्चा गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन कीशोरदत्त बरालले गर्नु भएको हो।

# भिटोफ गण्डकीको गाउँले गाइड तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

गाउँ पर्यटन प्रवर्द्धन मञ्च( भिटोफ) गण्डकी प्रदेशको आयोजना एवम् जीवीकोपार्जन पुनरुत्थानका लागि दीगो पर्यटन परियोजना(कतचिउ)को सहयोगमा यही जेठ २४ गतेदेखि २६ गतेसम्म आवाशीय गाउँले गाइड तालिम सम्पन्न भएको छ।

गण्डकी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाको प्रतिनिधित्व हुने गरी माउन्ट कैलाश रिसोर्टमा सम्पन्न तालिममा ३१ जनाको सहभागिता रहेको भिटोफ गण्डकीका अध्यक्ष शोभाकुमारी अधिकारी(सापकोटा)ले जानकारी दिनुभयो । गाउँ पर्यटनको प्रभावकारिता अभिबृद्धिका लागि गाउँले गाइड तालिम आवश्यक महसुस गर्दै तालिम गराइएको उहाँले बताउनुभयो । तालिममा डा. रामजी शर्मा, दीपेन्द्र पहारी, टीकाराम सापकोटा, सरस्वती गौतम, तारानाथ पहारी लगायतले प्रशिक्षण दिनुभएको थियो।

तालिमको समापन समारोहमा पोखरा पर्यटन परिषद्का का.वा.अध्यक्ष कृष्ण भण्डारीले यस किसिमको तालिमले गाउँ पर्यटनको विकासमा विशिष्ट योगदान गर्ने बताउनुभयो। भिटोफ गण्डकीका सल्लाकार गणेशबहादुर भट्टराईले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । भिटोफ गण्डकीका अध्यक्ष शोभाकुमारी अधिकारी सापकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रशिक्षक डा. रामजी शर्मा, होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, टान गण्डकीका उपाध्यक्ष कृष्ण आचार्य, भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी, दीगो पर्यटन परियोजनाका नेशनल प्रोजेक्ट कोअर्डीनेटर श्रद्धा श्रेष्ठ, प्रोजेक्ट म्यानेजर धर्म दवाडी, भिटोफ गण्डकीका सचिव लक्ष्मण पहारी, प्रशिक्षार्थी चुडामणि छन्त्याल लगायतले बोल्नुभएको थियो।

# श्रीराम टोल विकास संस्थामा क्षमता विकास तथा उद्घोषणकला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

क्षमता विकास तथा उद्घोषण तालिम श्री रामटोल विकास संस्थाको आयोजना तथा पोखरा महानगरपालिका वडा नम्वर ८ को आर्थिक सहयोगमा ३ दिने क्षमता अभिवद्धि तथा उद्घोषण तालिम सम्पन्न भएको छ।

तालिमको समापन गर्दै वडा नम्वर ८ का अध्यक्ष रुद्रनाथ बरालले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गर्नुभयो। आफ्ना कुरा सम्वन्धित ठाउँमा गएर राख्न सक्ने हुनु । महिलाहरुको निर्णायक तहमा सहभागिता बढाउनका लागि वडा कार्यालय विभिन्न किसीमका क्षमता विकास तथा सिपमुलक तालिमहरु सञ्चालन गरेको बताउनुभयो । उहाँले यस्ता तालिमको भरपुर उपयोग गरेर अगाडी बढ्न दिदीबहिनीहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा श्रीराम आधारभूत विद्यालयका प्रध्यानाध्यापक तिर्थराज न्यौपाने तालिमबाट ज्ञान सीप र क्षमता विकासको विषयलाई आफ्नो समुदायमा बाड्नु पर्नेमा जोड दिनुभयो। आवश्यक विषयको माग गर्न सक्नु ठुलो कुरा रहेको हुँदा अव हरेक क्षेत्रमा महिलाहरुले आफ्नो अर्थपुर्ण सहभागिता जनाउन आवश्यक रहेको औंल्लाउनुभयो।

रेडियो सफलताका प्रमुख दुर्गा अधिकारीले सहजीकरण गर्नुभएको तालिममा टोल विकास संस्थामा आवद्ध ३२ जना महिला दिदीबहिनीको सहभागिता रहेको थियो । श्रीराम टोल विकास संस्थाका अध्यक्ष ऋषिराम पौडेलको अध्यक्षतामा भएको समापन कार्यक्रमको संचालन कोषाध्यक्ष गायत्री लामिछानेले गर्नुभएको थियो। कार्यक्रममा सहभागीको तर्फबाट रुमा गुरुङ, अनिता गुरुङ, गोदावरी गिरीले लगायतले बोल्नु भएको थियो।


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकाप्रति असल व्यवहार गरौं
- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कर्णालीको झोलुङ्गे पुलमा अड्किएका खच्चडको उद्धार

**रासस**
काठमाडौं, २७ जेठ

कर्णाली नदीमा रहेको झोलुङ्गे पुलको जाली लत्रिँदा बीच भागमै अड्किएका ११ खच्चडको जीवितै उद्धार गरिएको छ। दुई खच्चडको भने मृत्यु भएको छ। अछामको पञ्चदेवलबिनायकनगरपालिका-९ कालेकाडा र दैलेखको आठबिस नगरपालिका-६ खिड्कीजिउला जोडने झोलुङ्गे पुलको जाली लत्रिएपछि आज बिहानदेखि १३ खच्चड पुलको बीच भागमा अड्किएका थिए । खच्चडलाई पुलको जाली काटेर कर्णालीमा खसाली उद्धार गरिएको अछामका प्रहरी नायव उपरीक्षक सन्तोष पाठकले जानकारी दिनुभयो।

"पुलको जाली काटेर उद्धार गर्ने क्रममा दुई खच्चडको मृत्यु भएको हो", उहाँले भन्नुभयो- "बाँकीको डुङ्गाको सहायताले जीवितै उद्धार गर्न सफल भयौं।"


पुलको दाँहिने तर्फको जाली लत्रिएको थियो। खट्टा जालीभित्र पसेपछि खच्चड पुलमा अड्किएका थिए । पुलको दाँहिने तर्फको भाग पुरै बाङ्गो भएको छ। उद्धारमा अछामस्थित नेपाली सेनाको गोरख बक्स गणको टोली, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा स्थानीयवासी खटिएका थिए।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# पत्रकार महासंघलाई कमजोर काम

नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ निर्वाचन गराउन नसक्दा बैधतामा प्रश्न उठेको छ।कार्यकाल पूरा भएपछि निर्वाचनबाट नयाँलाई जिम्मेवारी हस्तान्तरण गर्ने परम्परा तोडिने अवस्था बनेको छ।पत्रकारको छाता संगठनमा देखिएको सदस्य विवादले बैधतामा प्रश्न उठाउने ठाउँ दिनु नेतृत्वको असक्षमता हो।महासंघको नेतृत्वले समयमै विवाद हल गरेर महाधिवेशन र निर्वाचन संगसंगै गर्नुपर्ने हो।सदस्यता विवाद त हरेक पटक उठ्ने गरेको हो।विवादलाई अधिकतम सहमतिमा समाधान भएका छन।यसपटक सदस्यता शुद्धीकरणको निहुँमा निर्वाचन नगरी बैधतामा खेल्ने ठाउँ दिएका कारण महासंघ नेतृत्वको विरोधमा जाने अवस्था बनेको छ।विभिन्न ६ वटा पत्रकार संगठनहरूले आगामी असारको दोस्रो हप्ताभित्र तीनै तहको निर्वाचन सुनिश्चित गर्न नेपाल पत्रकार महासंघसित माग गरेका छन् ।

आइतबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उनीहरूले जेठ ३२ गतेभित्र शुद्धीकरणसहितको मतदाता नामावली र असार दोस्रो साता निर्वाचन गर्न माग गरेका छन । पत्रकार महासङ्घले अहिलेसम्म मतदाता नामावली घोषणा नभएको, निर्वाचनको मितिसमेत किटान नगरिएकाले निर्वाचनको सन्दर्भमा अन्यौलता सिर्जना भएको छ । महाससङ्घ आफैले घोषणा गरेको निर्वाचन मिति जेठ २६ गते चुनाव नहुँदा मूल नेतृत्वको निर्वाचन क्षमतामाथि प्रश्न उठेको बताउँदै भनिएको छ- 'पत्रकार महासङ्घको निर्वाचन समयमा हुन नसक्नुले पत्रकारहरूको महासङ्घको मूल नेतृत्वको निर्णय क्षमतामाथि प्रश्न उठेको मात्रै छैन, महासङ्घ नेतृत्वलाई अमूक सङ्गठनको छाया संस्थामा परिणत गर्न चाहान्छ भन्ने प्रमाणित भएको छ ।'

विज्ञप्तिमा असार दोस्रो हप्ताभित्र निर्वाचन गर्ने प्रतिबद्धता पूरा गर्न, शुद्धीकरण कार्यदलले दिएको प्रतिवेदनको आधारमा सक्रिय पत्रकार नछुट्ने गरी मतदाता नामावली टुङ्गो, विज्ञप्तिमा प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेत, प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटा 'जुगल', समाजवादी प्रेस संगठनका अध्यक्ष विश्वमणि सुवेदी, प्रगतिशील पत्रकार संघका अध्यक्ष श्यामलाल पोखरेल, जनपत्रकार संगठनका अध्यक्ष शेरबहादुर विश्वकर्मा र क्रान्तिकारी प्रेस संगठनका अध्यक्ष कमल बुढाको हस्ताक्षर रहेको छ । महाससङ्घ आफैले घोषणा गरेको निर्वाचन मिति जेठ २६ गते चुनाव नहुँदा मूल नेतृत्वको निर्वाचन क्षमतामाथि प्रश्न उठेको बताउँदै भनिएको छ- 'पत्रकार महासङ्घको निर्वाचन समयमा हुन नसक्नुले पत्रकारहरूको महासङ्घको मूल नेतृत्वको निर्णय क्षमतामाथि प्रश्न उठेको मात्रै छैन, महासङ्घ नेतृत्वलाई अमूक सङ्गठनको छाया संस्थामा परिणत गर्न चाहान्छ भन्ने प्रमाणित भएको छ ।'

विज्ञप्तिमा असार दोस्रो हप्ताभित्र निर्वाचन गर्ने प्रतिबद्धता पूरा गर्न, शुद्धीकरण कार्यदलले दिएको प्रतिवेदनको आधारमा सक्रिय पत्रकार नछुट्ने गरी मतदाता नामावली टुङ्गो विज्ञप्तिमा प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेत, प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटा 'जुगल', समाजवादी प्रेस संगठनका अध्यक्ष विश्वमणि सुवेदी, प्रगतिशील पत्रकार संघका अध्यक्ष श्यामलाल पोखरेल, जनपत्रकार संगठनका अध्यक्ष शेरबहादुर विश्वकर्मा र क्रान्तिकारी प्रेस संगठनका अध्यक्ष कमल बुढाको हस्ताक्षर रहेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अज्ञात रोगले जुम्लाको हिमा गाउँपालिकामा २३ भेडा मरे

**रासस**
कर्णाली, २७ जेठ

जुम्लाको हिमा गाउँपालिकामा अज्ञात रोगले २३ भेडा मरेका छन् । सो पालिकामा पर्ने नदै पाटन र ठाकुरपानीमा भेडा मरेको स्थानीय वीरबहादुर शाहीले जानकारी दिनुभयो । उहाँले आफ्ना १०, कर्णबहादुर शाहीका छ, अकलबहादुर शाहीका चार र जिरबहादुर शाहीका तीन वटा भेडा मरेको बताउनुभयो ।

"भेडामा पातलो दिसा हुने, ज्वरो आउने, काप्ने, रिङ्गटा लाग्ने, झोक्राउने समस्यापछि मृत्यु हुने गरेको छ," उहाँले भन्नुभयो, "यो तीन दिनमा १० र एक महिनामा २३ भेडा मरिसकेका छन ।" यसरी भेडा मर्न थालेपछि उपचारका लागि पशु प्राविधिकलाई खबर गरिएको उहाँको भनाइ छ । हिमा गाउँपालिकाका पशुशाखा प्रमुख नरसिङ थापाले त्यस क्षेत्रमा पशु प्राविधिक पठाउने तयारी भइरहेको बताउनुभयो ।

उहाँका अनुसार औषधि सकिएकाले स्थानीय तहमा खरिद गर्ने तयारी भइरहेको छ । औषधि अभावले हिमामा समस्या भइरहेको किसानको गुनासो बढरिहेको छ । उहाँले उपचार तथा रोकथामका लागि पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लामा औषधिको माग गरिएको बताउनुभयो । पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लाका कार्यालय प्रमुख ज्ञानेन्द्र बुढ्थापाले स्थानीय तहमा रहेको पशु शाखाले पहिचान गरेको रोगका आधारमा औषधि पठाउने जानकारी दिनुभयो । भेडा मर्न थालेपछि भेडीगोठ नदै पाटनबाट कालाकाटियातिर सारिएको स्थानीय किसानले जानकारी दिएका छन् ।

# सेनाको एकीकृत स्वास्थ्य शिविरबाट छ सय ६२ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

जिल्लाको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा नेपाली सेनाको आयोजनामा भएको बृहत् एकीकृत स्वास्थ्य शिविरबाट छ सय ६२ जना लाभान्वित भएका छन् ।

नेपाली सेनाको पश्चिम पृतना हेडक्वार्टरको आयोजनामा शनिबार भएको शिविरमा स्वास्थ्य कार्यालय म्याग्दी, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, आयुर्वेद स्वास्थ्य केन्द्र, बेनी अस्पताल, मालिका गाउँपालिका, दरवाङ आधारभूत अस्पताल र नेपाल रेडक्रस सोसाइटीका टोलीले सेवा दिएका थिए । शिविरमा छ सय ६२ जनालाई स्वास्थ्य परीक्षण, प्रयोगशाला, युएसजी, भेटेरिनरी, आयुर्वेद, कृषि परामर्शसम्बन्धी सेवा प्रदान गरिएको अर्थुङ्गोस्थित नेपाली सेनाको शत्रुभञ्जन गुल्म सेनानी प्रकाश घिसिङले जानकारी दिनुभयो ।

स्वास्थ्यतर्फ चार सय चारजनाले स्वास्थ्य परीक्षण, हाड जोर्नी, मनोरोग, दाँत, आँखासम्बन्धी सेवा लिएका उहाँले बताउनुभयो । एक सय ४३ जनाले आयुर्वेद, ८८ जनाले भेटेरिनरी र २४ जनाले कृषिसम्बन्धी सेवा लिएका सेनानी घिसिङले बताउनुभयो । भेटेरिनरी अस्पतालका पशु चिकित्सक भरत रेग्मीको टोलीले एक हजार दुई सय ५९ वटा पशुपक्षीका लागि औषधि वितरण गरेको जनाएको छ । बेनी अस्पतालका डा रामु सापकोटा, सुधानु प्रधान, विद्या अधिकारी, समिर भण्डारी, रोशन आचार्य, करुणा कार्की, आयुषा मानन्धर, अशोक पन्त, अस्मिता कटुवाल, मदन सापकोटा, मनकाजी थापा, सैनिक अस्पतालका डा मिलन न्यौपाने, सेविका श्रेष्ठ, अमित तुलाचन र विक्रमजङ्ग थापाको टोलीले सेवा प्रवाह गर्नुभएको थियो । ग्रामीण क्षेत्रका सर्वसाधारणलाई गाउँमै स्वास्थ्योपचारसम्बन्धी सेवा उपलब्ध गराउने र समस्या पहिचान गर्ने उद्देश्यले शिविर आयोजना गरेको नेपाली सेनाले जनाएको छ । शिविरमा मालिका, धवलागिरि र मङ्गला गाउँपालिकाका बासिन्दाले सेवा लिएका थिए ।

# फलेवास-अर्मादी खण्ड निर्माणमा ढिलासुस्ती

**पोखरापत्र संवाददाता**
पर्वत, २७ जेठ

निर्माणाधीन उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको पर्वत खण्डमा पर्ने फलेवास-अर्मादी सडक छ वर्षसम्म पनि पूरा हुनसकेको छैन ।

करिडोरको पर्वत खण्डअन्तर्गत मिर्मिबाट फलेवाससम्मको ३३ किलोमिटर सडक कालोपत्र भइसकेको भए पनि फलेबास-अर्मादी खण्डको १४ किलोमिटर सडक ठेकेदारको ढिलासुस्तीका कारण अलपत्र छ। पटकपटक म्याद थप गर्दा पनि अहिलेसम्म सडकले पूर्णता पाउन नसकेको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ। विसं २०७३ असार २२ मा सम्झौता भई २०७५ जेठ २१ मा सम्पन्न गर्नुपर्ने भए पनि अझै २० प्रतिशतभन्दा बढी काम बाँकी छ । सम्झौता अवधि सकिएको छ वर्षसम्म पनि सडकको काम अलपत्र बनेको हो ।

सुरुआतमा ठेकेदारले विभिन्न कारण देखाएर काममा ढिलाइ गरेको र अहिले भिरमा बम विस्फोट गरेर चट्टान फुटाउनुपर्ने भएका कारण कामले गति लिन नसकेको हो । नौ करोड १७ लाख ४९ हजार दुई सय ४५ को लागतमा निर्माण हुन लागेको उक्त खण्डको फलेवास ढिकबाट मोदीवेणीसम्म ट्र्याक खुलिसकेको छ।

मोदीखोलामा मोटरेबल पुल दुई निर्माण भइसकेको छ । मोदीवेणीबाट अर्मादीसम्मको तीन किलोमिटर ट्र्याक गत वर्ष खुलेको भए पनि सवारीसाधन सहज रूपमा चल्नसक्ने अवस्था छैन ।

पाल्पास्थित कालीगण्डकी करिडोर आयोजना कार्यालय इन्जिनियर सुरेन्द्र गौतमका अनुसार मोदीवेणीबाट अर्मादीसम्मको खण्डमा ठूलो भिर रहेको र कडा चट्टान विष्फोटक पदार्थ प्रयोग गरेर फुटाउनुपर्ने भएकाले ढिलाइ भएको हो । विष्फोटक पदार्थ प्रयोग गर्नुपर्ने ठाउँको माथिपट्टि कुश्मा-कैया झोलुङ्गे पुल छ । विष्फोटक पदार्थ प्रयोग गर्दा पुललाई असर गर्ने भन्दै जिल्ला समन्वय समितिले वैकल्पिक उपाय अपनाउन पत्राचार गरेपछि काम रोकिएको छ । उक्त खण्डको स्तरोन्नतिको जिम्मा पाएको सूर्य कन्ट्रक्सनले चट्टान फुटाउन वैकिल्पक उपायको खोजी भइरहेको जनाएको छ । उक्त खण्ड १४ किलोमिटर लामो छ ।

कार्यालयले ट्र्याक खोल्ने, ग्राभेल गर्ने र कल्भर्ट तथा टेवा पर्खाललगायतको काम गर्नेगरी ठेक्का सम्झौता गरेको थियो । यो कम्पनीसँग चौथोपटक थप गरिएको म्याद आगामी असोज ३० मा पूरा हुँदैछ । कालीगण्डकी करिडोरको पर्वत खण्डमा ७० किलोमिटरभन्दा बढी भाग पर्छ । पर्वत खण्डअन्तर्गत सेतीवेणीबाट फलेवाससम्म कालोपत्र भइसके पनि बाँकी १४ किलोमिटरको स्तरोन्नतिका लागि बजेट विनियोजन नभएको आयोजना कार्यालयले जनाएको छ।

# पुख्यौंली पेसाको संरक्षण गर्दै बुद्धिराम

**पोखरापत्र संवाददाता**
लमजुङ, २७ जेठ

सेतै फुल्दै गरेको दारी अनि कपाल। चाउरिँदै गरेको मुहार। शिरमा ढाका टोपी, शरीरमा स्टकोट र खुट्टामा एक जोर चम्पल । यति मात्र नभई झोला भिरेर हातमा सारङ्गी लिएर परिस्थितिअनुसारका विषयका गीत गाउँदै घरघरमा पुग्नुहुन्छ सुन्दरबजार नगरपालिका-६ पाखाथोकका ७० वर्षीय बुद्धिराम गन्धर्व ।

आराम गरेर बस्नुपर्ने उमेरमा कतिपय युवाभन्दा जोशिलो र व्यस्त हुनुहुन्छ उहाँ । एकाबिहानै उहाँ उठ्नुहुन्छ । उठेपछि हातमुख धोएर, खाजा खाएपछि सारङ्गी लिएर घरबाट उहाँ हिँड्नुहुन्छ । दैनिकजसो बिहानैदेखि बेलुका साँझ परेसम्मै विभिन्न ठाउँको घरघरमै पुगेर दुःखसुखका गीत, मायाप्रेमका गीत र समाजमा घटेका विभिन्न विषय वस्तुका गीत गाउँदै बुद्धिराम सारङ्गी रेटेर पैसा कमाउनुहुन्छ । यसरी नै उहाँ १८ वर्षदेखि दैनिक बिहानदेखि साँझसम्म गीत गाउँदै सारङ्गी रेट्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "मलाई प्रत्येक घरबाट रु १०/२० देखि रु ५०/१०० सम्म पाउने गरेको छु, जिल्लाको सुन्दरबजार, पाउँदी, बैँसीसहर, करापुटार, खुदी भुलभुले, खत्रीठाँटीलगायत जिल्लाका अधिकांश ठाउँमा यसरी नै पुग्ने गरेको छु ।" उहाँबेला बेलामा काठमाडौँ, चितवन, पोखरालगायत स्थानमा पुग्ने गर्नुभएको छ । यसरी हिँड्दा दैनिक कम्तीमा पनि रु एक हजारदेखि रु एक हजार पाँच सयसम्म आम्दानी हुने गरेको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो, "यही पैसाले आफूसहित घरमा रहेका श्रीमती, छोरा बुहारी र चार साना नातिनातिनीको गुजारा चल्ने गरेको छ ।" केही वर्षअघिसम्म श्रीमती बुद्धिमाया गन्धर्व पनि आफूसँगै यसरी नै हिँड्ने गरे पनि अचेल भने घरमै साना नातिनातिनी खेलाउँदै बस्ने गरेको उहाँले बताउनुभयो । उहाँले १८ वर्षअघिसम्म गाईबस्तु पाल्ने, खेती गरेर जीवन चलाउँदै आए पनि आफ्नो जातिको पुर्ख्यौली पेसाको संरक्षण गर्नका लागि भनेर मात्रै यसरी हिँड्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "परिवारको गुजारा चलाउन मात्र यही पेसा गर्नुपर्दैन तर पुर्ख्यौली पेसा लोप हुन नदिन घाम पानी नभनी हिँडिरहेको छु, गन्धर्व भनेर मात्रै हुँदैन, पछिल्लो पुस्ताले यसरी हिँड्न सकेको छैन, आफूले यो पेसा गरे पनि छोरा नातिले यो पेसा नजान्ने र नगर्ने देखिएकाले गन्धर्वको पेसा जिल्लामा लोप हुने अवस्थामा पुगेकामा चिन्ता छ ।" गन्धर्व समुदाय जिल्लामा निकै कम छ ।

# विश्वकप क्रिकेट: अष्ट्रेलिया विजयी

**रासस**
काठमाडौं, २७ जेठ

अष्ट्रेलियाले आइसिसी टि-२० विश्वकप क्रिकेटअन्तर्गत समूह 'बी'को खेलमा इङ्ल्याण्डलाई ३६ रनले पराजित गरेको छ।

बार्बाडसमा गए राति सम्पन्न खेलमा पहिले ब्याटिङ गरेको अष्ट्रेलियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै दुई सय एक रनको योगफल बनाएको थियो । अष्ट्रेलियाका लागि डेविड वार्नरले सर्वाधिक ३९ रनको योगदान दिए । उनले १६ बलमा दुई चौका र चार छक्कासहित ३९ रन जोडेका हुन् । त्यस्तै ट्राभिस हेडले ३४ रन बनाए । उनले १८ बलमा दुई चौका र तीन छक्काको सहयोगमा ३४ रन बनाएका हुन् ।

कप्तान मिचेल मार्सले २५ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३५ रन बनाए । ग्लेन म्याक्सवेले २८ तथा मार्कस स्टोइनिसले ३० रन बनाए । इङ्ल्याण्डका क्रिस जोर्डनले दुई विकेट लिए । दुई सय दुई रनको विजयी लक्ष्य पछाएको इङ्ल्यान्ड २० ओभरमा छ विकेट गुमाउँदै एक सय ६५ रनमा समेटियो । इङ्ल्यान्डका लागि कप्तान जोस बटलरले २८ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ४२ रनको योगदान दिए । त्यस्तै फिल साल्टले ३७ रन जोडे । उनले २३ बलमा चार चौका र दुई छक्का प्रहार गरे । मोइन अलीले २५, ह्यारी ब्रुकले २०, लियाम लिभिङ्गस्टोनले १५, विल ज्याक्सले १० तथा जोनी बेयरस्टो सात रन बनाए ।

# पानसको सहकारी शिक्षा तथा अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
पर्वत, २७ जेठ




पानस बचत तथा ऋण सहकारी संस्था लिमिटेडले 'सहकारी शिक्षा तथा अन्तरक्रिया कार्यक्रम' सम्पन्न गरेको छ ।

सहकारीको गतिविधि र आगामी दिनमा गर्नुपर्ने कार्यको बारेमा जानकारी गराउने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको अध्यक्ष महेश्वर रिमालले बताए।

सहकारीका कार्यसमितिका पदाधिकारी र सदस्य, शेयर सदस्य, कर्मचारी, पूर्व अध्यक्ष सहित ६० जनाको सहभागीतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको अध्यक्ष रिमालले बताए।

अन्तरक्रिया कार्यक्रमको सहजीकरणपोखरामहानगरापालिका सहकारी विभाग दर्ता अधिकारी अनिल कार्कीले गरेका थिए।

सहकारीका अध्यक्ष महेश्वर रिमालको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष ईन्द्रमान चौहान, शिक्षा उपसमिति संयोजक श्याम श्रेष्ठ, उपाध्यक्ष दुर्गाबहादुर थापा, प्रबन्धक धनेन्द्र गुरुङले संस्थाका गतिविधि र आर्थिक गतिविधिबारे प्रकाश पारेका थिए । पूर्ण बैठक सहितको अन्तरक्रिया कार्यक्रमको सञ्चालन संस्थाका सचिव डुकप्रसाद काफ्लेले गरेका थिए।

दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी भन्ने उदेश्य बोकेर स्थापना भएको सहकारीको कार्यालय पोखराको सिर्जनाचोकमा रहेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २० भलाममा जेष्ठ नागरिक पार्क भित्र सार्वजनिक शौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जेष्ठ नागरिक पार्क भित्र सार्वजनिक शौचालय निर्माण

ठेगानाः पोखरा-२०, भलाम

योजना सम्झौता मितिः २०८०/११/२२ गते

योजना सम्पन्न गर्ने मितिः २०८१/०३/०५ गते

योजना सम्पन्न भएको मितिः २०८१/०२/२६ गते

योजनाको कुल लागतः रु. ६,००,०००/-

महानगरपालिकाबाटः रु. ६,००,०००/-

उपभोक्ता समिति पदाधिकारी अध्यक्षः यादव गौतम

निर्माण समिति सदस्य संख्याः ९

महिलाः ३, पुरुषः ६

**जेष्ठ नागरिक पार्क भित्र सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति पोखरा-२०, भलाम**

# भिर मौरी र पदयात्रालाई पर्यटनसँग जोड्दै टाप गाउँ

**वासुदेव पौडेल**
गण्डकी, २७ जेठ

एकै ठाउँमा मिलेर बसेका ९४ वटा घर जसमध्ये ९० वटा गुरुङ समुदायका छन्भने बाँकी चार घर दलित समुदायका । लम्जुङको दोर्दी गाउँपालिका-८ स्थित रमणीय गाउँका रूपमा रहेको टाप यस क्षेत्रको प्राचीन गाउँ हो ।

परम्परागत कला, संस्कृतिका साथै प्राकृतिक सौन्दर्यताका कारण धेरै पर्यटकीय सम्भावना रहेर पनि उचित प्रचारप्रसारको अभावमा यहाँको मौलिक पहिचान अझै उजागर हुन सकेको छैन । गाउँको प्रवर्द्धनसँगै पर्यटकीय उपयोगका लागि समयसमयमा विभिन्न प्रयास भए पनि त्यसले अझै सार्थकता पाउन नसकेको स्थानीय समाजसेवी एवं दोर्दी गाउँपालिका-८ का पूर्ववडा सदस्य सुकबहादुर गुरुङले बताउनुभयो ।

"टाप गाउँ प्राकृतिक सुन्दरतासँगै आफैँमा मौलिक संस्कृतिले सम्पन्न ठाउँ हो", उहाँले भन्नुभयो, "गाउँको पर्यटकीय सम्भावनालाई उजागर गर्न नसक्दा हामी अझै पनि बत्तीमुनिको अँध्यारो जस्तै बनेका छौँ ।" प्राचीनकालदेखि गाउँमाथिका भिरमा हुने गरेको भिर मौरीको सिकारको पर्यटकीय महत्व छ । यहाँबाट नजिकै रहेका प्रसिद्ध बराह पोखरी, लम्जुङको उत्तरपूर्वी कुनामा पर्ने मेमे पोखरी यहाँको पहिचानसँग जोडिएका प्रमुख धार्मिक पर्यटकीय गन्तव्य हुन् । टाप गाउँबाट लगभग पाँच घण्टाको हिँडाइमा बराह पोखरी पुग्न सकिन्छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ र दोर्दी गाउँपालिका-८ को सिमानामा पर्ने यो पोखरी समुन्द्री सतहबाट दुई हजार आठ सय मिटरको उचाइमा अवस्थित रहेको गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार वरपर लालीगुराँसले ढाकिएको बराह पोखरीमा पात खस्नासाथ चराले टिपेर बाहिर फाल्ने भएकाले यसको महिमा र गरिमा अझै बढेको छ । बराह पोखरीमा श्रद्धाभक्तिपूर्वक पूजा गरेमा मनले चिताएको पुग्ने विश्वासले पनि धार्मिक महत्व चुलिएको स्थानीयवासी बताउँछन् । श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेमा निःसन्तालाई सन्तान प्राप्त हुने जनविश्वासले यसको धार्मिक महत्व बढाएको छ । टाप गाउँभन्दा माथि अन्य बस्ती नभएका कारण बराहपोखरी जाने धार्मिक पर्यटकलाई लक्षित गरी यो गाउँमा घरबास (होमस्टे) कार्यक्रम सञ्चालन गर्ने आफूहरूको सोच रहेको गुरुङले बताउनुभयो ।

गाउँभन्दा माथिका चिन्मी, तिजे, छौंदी जस्ता भिरहरूमा पर्याप्त भिर मौरी पाइने र यी ठाउँमा परम्परागत रूपमा वार्षिक भिर मौरीको सिकार गर्ने गरिएको दोर्दी गाउँपालिकाका रोजगार संयोजक धर्मराज गुरुङले बताउनुभयो । टाप गाउँमाथिका भिरमा परम्परागत रूपमा हुने गरेको भिर मौरी सिकारलाई पर्यटनसँग जोड्ने प्रयासमा लागिरहेको उहाँले बताउनुभयो । कतिपय ठाउँमा भिर मौरीको सिकार पछिल्ला पुस्तामा पुस्तान्तरण हुन नसकेका अवस्थामा टाप गाउँमा भने यो सीप पुस्तान्तरण भएको पाइन्छ । एउटा भिर मौरीको सिकार गर्न करिब ६० देखि ७० जनासम्म आवश्यक हुनेमा टाप गाउँमा पुरानो पुस्तादेखि नयाँ पुस्तासम्म यसमा संलग्न हुने गरेको स्थानीय युवा जगतराम गुरुङले जानकारी दिनुभयो ।

भिर मौरीको मह प्रतिलिटर रु दुई हजार बिक्री हुने गरेको बताउनुभयो । साहसिक पर्यटनको एउटा महत्वपूर्ण गतिविधिका रूपमा रहेको भिर मौरी सिकारलाई पर्यटनसँग जोड्न सकेमा पनि यहाँको पर्यटकीय विकासमा महत्वपूर्ण टेवा पुग्ने उहाँले बताउनुभयो । बराह पोखरीबाट माथि दुई दिनको पदयात्रामार्फत अर्को धार्मिक पर्यटकीय गन्तव्य मेमे पोखरी पुग्न सकिन्छ । हिउँचुली हिमालको पानी आउने मेमे पोखरीमा प्रत्येक वर्षको जनैपूर्णिमामा विशेष मेला लाग्ने गर्दछ । विशेषगरी लमजुङकै गुरुङ तथा तामाङ समुदायले मेमे पोखरीलाई विशेष महत्वको धार्मिक तीर्थस्थलका रूपमा लिने गर्दछन् । मेमे पोखरी दर्शन गरिसकेपछि बराह पोखरीको दर्शन नगरे मेला पूरा नहुने विश्वासका कारण यी दुई पोखरीको अन्योन्याश्रित सम्बन्ध रहेको छ । कृषिप्रतिको अनिच्छाका कारण ग्रामिण बस्तीका जग्गाहरू बाँझो भए पनि टाप गाउँका स्थानीले बाँदरलगायत समस्याका बाबजुद मकै, कोदोलगायत खेतीपातिलाई निरन्तरता दिँदै आएका छन् । भिरमौरीका साथै पदयात्रा पर्यटनको गन्तव्यका रूपमा टाप गाउँको पर्यटकीय विकास गर्न सकिने दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले बताउनुभयो । यस क्षेत्रलाई पदयात्रा पर्यटनको गन्तव्य बनाउनका लागि ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) सँगको सहकार्यमा दोर्दी, बारापाक सुलिकोट, अजिरकोट र दूधपोखरी गाउँपालिकाको समन्वयमा १६ दिनसम्मको पदयात्रा मार्ग तय गर्नेगरी प्रयास अघि बढेको उहाँले जानकारी दिनुभयो ।

सडक निर्माणसँगै पदयात्रा मार्गहरू छोटिएको वर्तमान सन्दर्भमा प्रस्ताव गरिएका पदमार्ग विकास हुन सके यो क्षेत्र पर्यटनको आकर्षक गन्तव्य बन्न सक्ने अध्यक्ष अधिकारीको भनाइ छ । उहाँका अनुसार पदमार्गअन्तर्गत नौथर सेराबाट इलम पोखरी, लिपे, नोटाँचे, मुलम्चे, उखण्ड, मेमे पोखरी, कुम्लेडाँडा हुँदै बराह पोखरी जोड्न सकिन्छ । त्यस्तै इलम पोखरीबाट नोटाँचे, नौथर सेराबाट दाम्राङ, लिपे हुँदै नोटाँचे जस्ता विभिन्न पदमार्गलाई जोड्न सकिने सम्भावना रहेको उहाँले बताउनुभयो । टाप गाउँ पर्यटकीय रूपमा धेरै सम्भावना बोकेको ठाउँ भएकोले यसको प्रवर्द्धनमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले आवश्यक सहयोग गर्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नविन पोखेलले बताउनुभयो । "टाप गाउँलाई भिर मौरीको सिकारको गन्तव्यसँगै पदयात्रा पर्यटनसँग जोड्न सकिने धेरै सम्भावना छन्", उहाँले भन्नुभयो, "गाउँका प्राचीन मौलिकता कायमै रहने गरी सुरुमा घरवास(होमस्टें) सञ्चालन गर्न आवश्यक छ ।"

टापमा घरवासको सञ्चालन एवम् यहाँको पर्यटन प्रवर्द्धनका लागि बोर्डका तर्फबाट आवश्यक सहयोगका लागि पोखेलले विश्वास व्यक्त गर्नुभयो । भिरमौरी सिकारकै सम्भावना देखेर नेपाल पर्यटन बोर्डले दोर्दी गाउँपालिकालाई यहाँको भिरमौरी सिकारको प्रवर्द्धनका लागि सहयोग गरेको उहाँले जानकारी दिनुभयो । दोर्दी गाउँपालिकाको आयोजना एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा टाप गाउँ माथि छौंदी भीरमा भिरमौरी सिकार महोत्सव २०८१ सम्पन्न भइसकेको छ । यसलाई आगामी वर्षमा पनि यस महोत्सवलाई पर्यटकीय रूपमा अघि बढाइने स्थानीय समाजसेवी सुकबहादुर गुरुङले बताउनुभयो ।

# न्यू ग्यालेक्सीमा एसइइ विद्यार्थी लक्षित कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

न्यू ग्यालेक्सी हाइयर सेकेण्डरी स्कूल एसइइका विद्यार्थीलाई लक्षित गरेर विविध कार्यक्रम सम्पन्न गरेको छ ।

विद्यालयले एसइइ दिएर वसेका विद्यार्थीहरुलाई लक्षित फुटसल, वास्केटवल अनलाईन प्रश्नोत्तर तथा विविध कार्यक्रम आयोजना गरेको हो ।

फुटसल तर्फ विटि ट्रेनिङ सेन्टर प्रथम रतुवा एफसी द्धितीय भएका थिए । प्रथमलाई नगद ३० हजार र दोस्रा हुनेलाई १५ हजार ट्रफि मेडल प्रदान गरिएको थियो ।

त्यसैगरी छात्र वास्केटबल तर्फ कोटगाउन म्याग्दी प्रथम र मेसा दोस्रो भएका थिए । प्रथमलाई २० हजार र दोस्रालाई १० हजार ट्रफि मेडल प्रदान गरिएको थियो । छात्रा वास्केटबल तर्फ मर्दि हिमाल प्रथम र पश्चिमाञ्चल दोस्रो भएका थिए । प्रथमलाई ८ हजार र दोस्रोलाई ५ हजार ट्रफि मेडल प्रदान गरिएको थियो । साथै अनलाइन प्रश्नोत्तर तर्फ प्रथम हुने अनुसा श्रेष्ठ, द्धितीय हुने दिपिका थापा र तृतीय हुने विपिन अधिकारीलाई नगद १५ हजार, ८ हजार र ५ हजार प्रदान गरिएको विद्यालयका प्रिन्सिपल डा. रामजी शर्माले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी गण्डकी प्रदेश सभाकी उप सभामुख विना कुमारी थापाले शिक्षामा निजी क्षेत्रले गरेको लगानी अतुलनिय रहेको बताउनुभयो ।



न्यू ग्यालेक्सी हाइयर सेकेण्डरी स्कूलका निर्देशक राजु कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, नेपाल ओलम्पिक कमिटी स्पोर्टस फर अल कमिशन गण्डकी प्रदेशका अध्यक्ष खड्गबहादुर रानाभाट विद्यार्थी संयोजक धनप्रसाद श्रेष्ठ, मिस एसइइ गण्डकीका निर्देशक सुरज मगरले बोल्नुभएको थियो ।

# एउटै व्यक्ति भएको सूचना



तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. ४ बस्ने भारतीय सेनाका भू.पू. नं.७३८२४१५११ दर्जा एच सी पल्टन ३७ वटालियनका लाल बहादुर उचै ठकुरी भन्ने व्यक्तिको श्रीमती रेशम कुमारी उचै ठकुरी भएको र आफ्नो पेन्सन रेकर्डमा लक्ष्मी कुमारी भई फरक परेको सम्बन्धमा रेशम कुमारी उचै ठकुरी र लक्ष्मी कुमारी भन्ने एउटै व्यक्ति हो भनि सम्बन्धित जिल्ला प्रशासन कार्यालय तनहुँको च.न. २०४९ मिति २०६९/१२/१२ को पत्रवाट लेखि आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ ।

# बागलुङको गलुवामा पहिरो नियन्त्रणका लागि काम सुरु

**पोखरापत्र संवाददाता**
बागुङ, २७ जेठ

बागलुङ नगरपालिका-१० स्थित गलुवामा पहिरो नियन्त्रणका लागि काम सुरु गरिएको छ ।

उक्त स्थानमा जाने पहिरोका कारण हरेक वर्षायाममा राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरसहित बलेवा कुश्मिसेरा सडक अवरुद्ध हुँदै आएकामा यसपटक भने वर्षाअघि नै सक्ने गरी काम अगाडि बढाइएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । उहाँले गण्डकी प्रदेश सरकारको रु ५० लाखको लागतमा नगरपाकिलामार्फत असार दोस्रो सातासम्म सम्पन्न गर्ने गरी काम अगाडि बढाइएको बताउनुभयो । हाल सडक विस्तार गरी ग्याबिन जाली भर्ने र नाली निर्माण गर्नेजस्ता काम भइरहेका छन् ।

गलुवामा तीन वर्षअघि गएको पहिरोले एक सय मिटर सडकको ट्र्याक बगाएको थियो । यसैगरी बलेवा कुश्मिसेरा सडकको दुई ठाउँ, कालीगण्डकी करिडोरको एक ठाउ र कालाखोला बगर जाने एक ठाउँमा बर्सेनी पहिराले क्षति पुर्‍याइरहेको छ ।

यी ठाउँमा पहिरो नियन्त्रणका लागि प्रदेश सरकारले सम्भाव्यता अध्ययन गरेकामा रु १८ करोड खर्च लाग्ने देखिएको पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख दिनेशकुमार घिमिरेले जानकारी दिनुभयो ।


## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति २०८१/०२/२८)

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा-९ नयाँबजार कास्कीबाट तपशिल बमोजिम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा साथै पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/१०/२४ गते ३५ दिने सूचना तथा दोस्रो पटक मिति २०८०/१२/१ गते १५ दिने र तेस्रो पटक मिति २०८०/१२/१६ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई मिति २०८०/१२/२९ गते ३५ दिने र २०८१/०२/०६ गते २१ दिने पोखरापत्र राष्ट्रिय दैनिकमा धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत कुनै शिलबन्दी बोलपत्र नपरेको हुदाँ पुन यो सूचना प्रकाशित गरिएको छ । ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७४ को प्रदेश सहकारी ऐन २०७८ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको ऋण असुली नीति २०७८ ले दिएका अधिकार प्रयोग गरी नियमानुसार बिक्री, लिलाम गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि ऋणी संचालक, घितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोल पत्र खोल्न, धितो लिलामको विक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण अमुलीको कारवाही अन्तर्गत ऋणी संचालक, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ र संस्थाको नीति नियम तथा विनियम एवं प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि स्थाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**तपशील**

| | |
|---|---|
| **ऋीणीको नाम : रजनी श्रेष्ठ**<br>बुबा : ओम कुमार श्रेष्ठ<br>श्रीमान : चक्र बहादुर श्रेष्ठ<br>ससुरा : मान बहादुर<br>ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की | **धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ**<br>बुबा : मान बहादुर नगरकोटी<br>बाजे : चक्रमान नगरकोटी<br>ना.प्र.प.: ४२३५/धादिङ<br>मितिः २०५०/११/०८<br>ठेगाना : पोखरा -४, गैह्रापाटन |
| **धन जमानीको नाम : सबिता कर्माचार्य**<br>बुबा : भक्त मान श्रेष्ठ<br>बाजे : भिम नारायण श्रेष्ठ<br>श्रीमान : प्रबिन कर्माचार्य<br>ना.प्र.प.:४६१००१/१७१७७ कास्की<br>मितिः २०६८/०८/०९<br>ठेगाना : पोखरा -९, बगालेटोल, कास्की | **धन जमानीको नाम : ऋचा श्रेष्ठ**<br>बुबा : चक्र बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर नगरकोटी<br>ना.प्र.प.: ४६-०१-७५-०६६३०<br>कास्की मितिः२०७५/१०/०२<br>ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की |

**धितो विवरण**

| क.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | **रजनी श्रेष्ठ**<br>ना.प्र.नं. ४६-०१-७३-०७६१०<br>मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/<br>१५५.९७ |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१. बोलपत्र फारम यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को कार्यालय समय भित्र रु. १,०००|- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दउँसो ठिक ३:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले सकार गरि लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको मुक्तिनाथ विकास बैंक लि. को खाता नं. ००८१०२०००५४२१७००००००१ नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्न वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थागत सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम या धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्च**: उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभइ कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन ।

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा-९, नयाँबजार, कास्की**
**फोन नं.: ०६१-५८९५३७,५८९३९१**